श्री ५ को सरकार

# वन तथा वातावरण मन्त्रालयको

## सूचना १

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सगरमाथा अञ्चलको सोलु-खुम्बु जिल्ला र कोशी अञ्चलको संखुवासभा जिल्लाको देहायबमोजिम चार किल्ला भित्रको क्षेत्रलाई मकालु वरूण राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र घोषित गरेको छ ।

मकालु-वरूण राष्ट्रिय निकुञ्जको चार किल्ला:

१. उत्तर:–

पेयाङ्गरले (जहाँ सगरमाथा राष्ट्रिय निकुञ्जको उत्तर पूर्व सिमाना टुङ्गिन्छ) बाट पूर्वतर्फ नेपाल-तिब्बत (चीनको स्वशासित क्षेत्र) बीचको अन्तरराष्ट्रिय सिमाने सिमाना हुँदै पूर्व पोप्ती भञ्ज्याङ (४३० मि,) को पश्चिमपट्टिको उच्च भागसम्म ।

२. पूर्व:–

पोप्ती भञ्ज्याङदेखि शुरु भई ठूलो र सानो वुम ठाकको श्रृङ्खले श्रृङ्खला हुँदै हटिया गाँउको पश्चिममा पर्ने मासिरेक र सेरेकको धारेधार भई सिम्पुङ गाउँको पश्चिमी किनारा हुँदै अरूण-वरूणको दोभानसम्म ।

दक्षिण:–

अरूण-वरूण दोभानबाट उत्तर पश्चिम हुँदै हिन्जुसम्म । हिन्जुबाट वरूण खोलाको जलाधार र वाङ र नेमु खोलाको जलाधारलाई छुट्याउने डाँडाको धार हुँदै नेमु खोलाको शिरसम्म । नेमु खोलाको शिरबाट लगातार दक्षिण पूर्वतर्फको डाँडाको धार पछ्या-उँदै कसुवा खोलाको करिब २००० मिटरको उचाइसम्म । कसुवा खोलाबाट दमले

(३)

पश्चिमी शृङ्खला हुँदै टासि गाउँको माथिको उच्च विन्दुसम्म । त्यहाँबाट तलतिर झर्दै नुरबु गाउँको उत्तरपट्टि डसुवा खोलासम्म । त्यसपछि यसले नुरबु गाउँको माथिको उत्तरपट्टिको डाँडाको धारलाई पछ्याउँदै पताकारे डाँडासम्म र फेरी यो पताकारेको डाँडाको शिरैशिर दक्षिणतर्फ माछे खोला (अपसुवा खोलाको शाखा खोला) को मुहानसम्म । त्यसपछि सिमाना फेरी माछे खोलालाई पछ्याउँदै अपसुवा खोलासम्म । त्य... अपसुवा खोलै खोला उत्तरतर्फ बावाताक गाउँ नजीक २००० मि.को उचाई-मा । त्यसपछि बावाताक र गोङथाला गाउँदेखि उत्तरतर्फको डाँडाको शृङ्खलै शृङ्खला हुँदै ससिमा (हलेङखर्क) गाउँलाई भित्र पारी चाङग्रे डाँडा (खोङलुवा खोलाको जलाधार) सम्म । चाङग्रेबाट लगातार रूपले सीमा रेखा याचपखा र शिवदिङ गाउँदेखि उत्तरतर्फ रहेको खोरिया आवादीको सिरानै सिरान हुँदै संखुवा खोला पारी धर्मशाला खर्क हुँदै केन्पा खर्कको वतासे डाँडा (४५०० मि.) सम्म । केन्पा खर्कबाट पश्चिमतर्फ झर्ने डाँडाको धार पछ्याउँदै मुवी खर्क मुनीपट्टि पर्ने होङगु खोलासम्म ।

४. पश्चिमः–

माढी खर्कबाट पश्चिम र उत्तर पश्चिम हुँदै पाँच पोखरी (मुनीलो) सम्म पाँच पोखरीबाट पश्चिमतर्फ चेरेम गाउँदेखि उत्तर-पश्चिम ईन्खु खोलासम्म । त्यहाँबाट उत्तर पश्चिम हुँदै लुक्ला माथि जतर्वा भन्ज्याङसम्म । जतर्वाबाट कालो हिमाल र कुसुम्खाङको शिखर हुँदै मन्जु खोलाको मुहानसम्म । त्यहाँबाट उत्तरतर्फ सगरमाथा राष्ट्रिय निकुञ्जको पूर्वी सिमानै सिमाना हुँदै फेताङचे हिमालसम्म ।

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ४१, संख्या ३१, मिति २०४८।८।२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ ले घोषित गरेको मकालु वरुण संरक्षण क्षेत्र परित्याग गरी सोही ऐनको दफा ३क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सगरमाथा अञ्चलको सोलुखुम्बु जिल्ला र कोशी अञ्चलको संखुवासभा जिल्लाको देहायबमोजिमको चार किल्लाभित्रको क्षेत्रलाई "मकालु वरुण राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र" तोकेको छ।

पूर्व : अरुण खोलाको शिर (नेपाल चीनको अन्तर्राष्ट्रिय सिमाना) बाट शुरु भई अरुण खोलै खोला हुँदै संखुवा खोला र अरुण खोलाको दोभानसम्म।

पश्चिम : होङ्गु खोला (बुङ्ग गाउँको फेदी) बाट बुङ्ग गाउँको पश्चिम पट्टिको डाँडाको धारै धार सुर्केलासम्म। सुर्केलाबाट चेरेम गाउँको सिरान हुँदै हिङ्कु खोलासम्म।

उत्तर : मकालु वरुण राष्ट्रिय निकुञ्जको दक्षिणी सिमाना।

दक्षिण : संखुवा खोला र अरुण खोलाको दोभानबाट पश्चिमतर्फ लाउने डाँडाको शिरै शिर बुकुरखोलाको (होङ्गु खोलाको शाखा) सिरानसम्म। त्यहाँबाट बुकुरखोलै खोला हुँदै होङ्गु र बुकुर खोलाको दोभान हुँदै दक्षिणतर्फ होङ्गु खोलै खोला बुङ्गु गाउँको फेदीसम्म।

आज्ञाले,
रविशर्मा अर्याल
उप-सचिव कानून